# प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि सम्बन्धी निर्देशिका, २०७६

प्रस्तावना : प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग गर्ने सम्पर्कलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि सम्बन्धी निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका नेपाल राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अन्तर्राष्ट्रिय सङ्गठन" भन्नाले संयुक्त राष्ट्र सङ्घ, सो अन्तर्गतका विशिष्टिकृत निकाय र संयुक्त राष्ट्र सङ्घको वडापत्र बमोजिम स्थापना भएका क्षेत्रीय सहयोग सङ्गठन सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय रूपमा स्थापना भएका अन्तर सरकारी सङ्गठनलाई समेत जनाउँछ ।

(ख) "कर्मचारी" भन्नाले प्रचलित कानून बमोजिम प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारी सम्झनु पर्छ र सो शब्दले प्रदेश तथा स्थानीय तहमा कार्यरत निजामती कर्मचारीलाई समेत जनाउँछ ।

(ग) "नेपाली नियोग" भन्नाले विदेशस्थित नेपाली राजदूतावास, संयुक्त राष्ट्र सङ्घका लागि नेपालको स्थायी नियोग, नेपाली महावाणिज्यदूतावास वा वाणिज्यदूतावास, नेपाली अवैतनिक महावाणिज्यदूतावास वा वाणिज्यदूतावास सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको विदेशस्थित नेपाली कूटनीतिक निकायलाई समेत जनाउँछ ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, परराष्ट्र मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "विदेशी नियोग" भन्नाले नेपालस्थित विदेशी राजदूतावास, नियोग, महावाणिज्यदूतावास, वाणिज्यदूतावास, अवैतनिक महावाणिज्यदूतावास वा अवैतनिक वाणिज्यदूतावास सम्झनु पर्छ र सो शब्दले नेपालस्थित विदेशी

नेपाल कानून आयोग

राष्ट्रको कूटनीतिक प्रतिनिधित्व गर्ने नेपाल सरकारबाट स्वीकृत सम्पर्क कार्यालयलाई समेत जनाउँछ ।

(च) "विदेशी प्रतिनिधि" भन्नाले विदेशी सरकार, विदेशी नियोग, अन्तर्राष्ट्रिय सङ्गठनका पदाधिकारी वा प्रतिनिधि सम्झनु पर्छ र सो शब्दले नेपालमा कूटनीतिक उन्मुक्ति र सुविधा पाउने विदेशी नागरिकलाई समेत जनाउँछ ।

(छ) "पदाधिकारी" भन्नाले प्रदेशको हकमा प्रदेश मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री, प्रदेश सभाका सभामुख, उपसभामुख, प्रदेश सभा सदस्य तथा मुख्यन्यायाधिवक्ता र स्थानीय तहको हकमा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, गाउँपालिका वा नगरपालिकाको वडाध्यक्ष, गाउँ वा नगर कार्यपालिकाको सदस्य तथा गाउँ वा नगर सभाका सदस्य, जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्य सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका तथा जिल्ला सभा सम्झनु पर्छ र सो शब्दले जिल्ला समन्वय समितिलाई समेत जनाउँछ ।

३. <u>मन्त्रालयसँग सम्पर्क र समन्वय</u> : (१) प्रदेश तथा स्थानीय तहले विदेशी प्रतिनिधिसँग सम्पर्क गर्दा मन्त्रालयमार्फत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयसँग सम्पर्क गर्दा प्रदेशले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहले नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत गर्नु पर्नेछ ।

(३) विदेशी प्रतिनिधिले प्रदेश तथा स्थानीय तहसँग सम्पर्क राख्न चाहेमा मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

४. <u>विदेशी प्रतिनिधिसँग गरिने भेटघाट</u> : (१) पदाधिकारी तथा कर्मचारीले विदेशी प्रतिनिधिसँग भेटघाट गर्नुअघि मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सहमति माग गर्दा विदेशी प्रतिनिधिसँग भेटघाट गर्नुअघि छलफलको विषयवस्तु यकिन गरी विदेशी प्रतिनिधिसँगको भेटघाटको कार्यसूची वा विषयहरू खुलाई मन्त्रालय समक्ष लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा मन्त्रालयले पन्ध्र दिनभित्र आवश्यक निर्णय गरी सम्बन्धित पदाधिकारी तथा कर्मचारीलाई सो को जानकारी दिनु पर्नेछ ।

(४) पदाधिकारी तथा कर्मचारीले भेटघाट गर्ने विदेशी प्रतिनिधिसँग छलफलको क्रममा नयाँ विषयवस्तु उठान भएमा सो विषयमा कुनै प्रतिबद्धता व्यक्त गर्नु हुँदैन ।

(५) पदाधिकारी तथा कर्मचारीले विदेशी प्रतिनिधिसँग भेटघाट वा छलफल गर्दा नेपालको मित्रराष्ट्रसँगको विद्यमान सम्बन्ध र नेपालको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रतिकूल हुने गरी धारणा राख्न, प्रतिक्रिया जनाउन वा समर्थन गर्न हुँदैन ।

(६) पदाधिकारी तथा कर्मचारीले विदेशी प्रतिनिधिसँगको भेटघाट वा छलफलमा शिष्ट, मर्यादित तथा बोधगम्य भाषाको प्रयोग गर्नु पर्नेछ ।

(७) पदाधिकारी तथा कर्मचारीले विदेशी प्रतिनिधिसँगको भेटघाट वा छलफलमा आवश्यकता अनुसार अनुवादकको सहयोग लिन सक्नेछन् ।

(८) पदाधिकारी तथा कर्मचारीले विदेशी प्रतिनिधिसँगको भेटघाट वा छलफलमा पदीय मर्यादा अनुकूलको पोसाक लगाउनु पर्नेछ ।

(९) पदाधिकारी तथा कर्मचारीले कुनै सार्वजनिक समारोह, भेटघाट वा औपचारिक कार्यक्रममा सहभागी हुँदा कुराकानी र खानपानमा आफ्नो पदीय मर्यादा अनुकूल शिष्ट र सौम्य व्यवहार गर्नु पर्नेछ ।

(१०) पदाधिकारी तथा कर्मचारीले विदेशी प्रतिनिधिसँगको भेटघाटमा आवश्यक पर्ने शिष्टाचार सम्बन्धमा मन्त्रालयसँग परामर्श लिन सक्नेछ ।

(११) पदाधिकारी तथा कर्मचारीले विदेशी प्रतिनिधिसँगको भेटघाटपछि छलफलको विषयवस्तुको संक्षिप्त विवरण तयार गरी मन्त्रालय र नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

५. <u>विदेश भ्रमण सम्बन्धमा</u> : (१) प्रदेशका पदाधिकारी तथा प्रदेशका कर्मचारीले सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्नु अघि मन्त्रालयको सहमति लिनु पर्नेछ।

<u>स्पष्टीकरण</u> : यस दफा र दफा ६ को प्रयोजनको लागि "प्रदेशका पदाधिकारी" भन्नाले मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री, प्रदेश सभाका सभामुख, उपसभामुख, प्रदेश सभा सदस्य र मुख्यन्यायाधिवक्ता सम्झनु पर्छ र सो शब्दले प्रदेश कानून बमोजिम गठित निकायका पदाधिकारीलाई समेत जनाउँछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विकास साझेदारको आयोजनामा सञ्चालन हुने छात्रवृत्ति, अध्ययन, अवलोकन भ्रमण लगायतका कार्यक्रमहरूको सन्दर्भमा विदेश भ्रमण गर्दा मन्त्रालयको अतिरिक्त नेपाल सरकार, अर्थ मन्त्रालयको समेत सहमति लिनु पर्नेछ ।

(३) प्रदेशका पदाधिकारी तथा प्रदेशका कर्मचारीले विदेश भ्रमणको सिलसिलामा आतिथेय मुलुक, विदेशी नियोग वा अन्तर्राष्ट्रिय सङ्गठनसँग गरिने पत्राचार अनिवार्य रूपमा मन्त्रालय मार्फत गर्नु पर्नेछ ।

(४) प्रदेशका पदाधिकारी तथा प्रदेशका कर्मचारीले विदेश भ्रमण गर्नु अघि सम्बन्धित मुलुक हेर्ने नेपाली नियोगलाई जानकारी दिनु पर्नेछ र विदेशी प्रतिनिधिसँगको भेटघाट तथा छलफलमा सम्भव भएसम्म नेपाली नियोगको प्रतिनिधिलाई समेत समावेश गर्नु पर्नेछ ।

(५) विदेश भ्रमण गर्ने प्रदेशका पदाधिकारी तथा प्रदेशका कर्मचारीले विदेश भ्रमणको क्रममा मुलुकलाई दायित्व सृजना हुने गरी कुनै प्रकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गर्न वा स्वीकार गर्न हुँदैन ।

(६) प्रदेशका पदाधिकारी तथा प्रदेशका कर्मचारीले विदेश भ्रमणका क्रममा नेपालले अवलम्बन गर्दै आएको विदेश नीति र अन्तर्राष्ट्रिय मान्यताका साथै नेपालको राष्ट्रिय हित र स्वाभिमानको पक्षमा धारणा राख्नु पर्नेछ ।

(७) प्रदेशका पदाधिकारी तथा प्रदेशका कर्मचारीले विदेशी प्रतिनिधिसँगको भेटघाटमा नेपालको मित्रराष्ट्रसँगको विद्यमान सम्बन्ध र नेपालको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रतिकूल हुने गरी धारणा राख्न, प्रतिक्रिया जनाउन, समर्थन गर्न वा हस्ताक्षर गर्न हुँदैन ।

(८) प्रदेशका पदाधिकारी तथा प्रदेशका कर्मचारीले विदेशमा हुने सभा, समारोह तथा बैठकमा गरिने सम्बोधन, भाषण वा छलफलको विषयवस्तु र नेपालको धारणाका सम्बन्धमा मन्त्रालय, नेपाली नियोग र अन्य सम्बन्धित निकायसँग परामर्श गर्नु पर्नेछ ।

(९) प्रदेशका पदाधिकारी तथा प्रदेशका कर्मचारीले आफ्नो विदेश भ्रमण सम्पन्न भइसकेपछि सो को प्रतिवेदन अनिवार्य रूपमा आफ्नो कार्यालयमा बुझाउनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम प्रदेशका पदाधिकारी तथा प्रदेशका कर्मचारीले बुझाएको प्रतिवेदन सम्बन्धित कार्यालयले आफ्नो वेबसाइटमा राखी एक प्रति मन्त्रालयमा पठाउनु पर्नेछ ।

(११) प्रदेशका पदाधिकारी तथा प्रदेशका कर्मचारीले व्यक्तिगत कामको सिलसिलामा विदेश भ्रमण गर्दा समेत मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

६. <u>मनोनयन सम्बन्धी</u> : (१) देहाय बमोजिमका प्रदेशका पदाधिकारीहरूको सरकारी कामको सिलसिलामा हुने विदेश भ्रमणको मनोनयन देहाय बमोजिमका निकाय वा अधिकारीबाट गरिनेछ :-

(क) मुख्यमन्त्रीको मनोनयन प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट,

(ख) प्रदेश सभाका सभामुखको मनोनयन निजकै सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट,

(ग) प्रदेश सभाका उपसभामुख र सदस्यको मनोनयन प्रदेश सभाको सभामुखबाट,

(घ) प्रदेशका मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री र मुख्यन्यायाधिवक्ताको मनोनयन प्रदेश मन्त्रिपरिषद्बाट,

(ङ) प्रदेश कानून बमोजिम गठित निकायका पदाधिकारीको मनोनयन प्रदेश मन्त्रिपरिषद्बाट ।

(२) उपदफा (१) बमोजिम प्रदेशका पदाधिकारीको मनोनयन गर्नुअघि दफा ५ को उपदफा (१) र (२) बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मनोनयन भएका प्रदेशका पदाधिकारीको कूटनीतिक वा विशेष राहदानी तथा भिषा सिफारिस आवश्यक पर्ने भएमा देहायका कागजातहरू संलग्न गरी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) वैदेशिक भ्रमणको लागि प्राप्त निमन्त्रणा पत्रको प्रतिलिपि,

(ग) मनोनयनको निर्णयको प्रतिलिपि,

(घ) दफा ५ को उपदफा (१) र आवश्यकता अनुसार उपदफा (२) बमोजिमको सहमति पत्रको प्रतिलिपि,

(ङ) भिषा सिफारिस आवश्यक पर्ने भएमा राहदानीको प्रतिलिपि ।

(४) उपदफा (३) बमोजिमका कागजातहरू प्राप्त भएको मितिले सात दिनभित्र नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कूटनीतिक वा विशेष राहदानी तथा भिषाको सिफारिस उपलब्ध गराउनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिगत नाममा प्राप्त भएको निमन्त्रणाको आधारमा कुनै पनि पदाधिकारीलाई मनोनयन गर्न पाइने छैन र सो प्रयोजनको लागि कूटनीतिक वा विशेष राहदानी र भिषाको सिफारिस गरिने छैन ।

७. <u>भगिनी सम्बन्ध</u> : (१) स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशको कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ ।



नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम स्थानीय तहले भगिनी सम्बन्ध कायम गर्नको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिनु अघि मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सहमति लिनु पर्नेछ ।

(३) यस दफा बमोजिम भगिनी सम्बन्ध कायम रहेको विदेशी स्थानीय सरकारसँग हुने अन्तरक्रिया तथा आदानप्रदानको जानकारी सम्बन्धित स्थानीय तहले मन्त्रालय तथा सम्बन्धित नेपाली नियोगलाई दिनु पर्नेछ ।

(४) मुलुकको राष्ट्रिय हित र स्वाभिमानमा प्रतिकूल असर नपर्ने गरी मात्र यस दफा बमोजिम भगिनी सम्बन्ध कायम गर्न सकिनेछ ।

८. उपहार आदानप्रदान : (१) पदाधिकारी तथा कर्मचारीले नेपाल सरकारको अनुमतिमा मात्र विदेशी प्रतिनिधिसँग वा अन्य व्यक्ति वा संस्थाबाट उपहार लिनु पर्नेछ

(२) उपदफा (१) बमोजिम लिएको उपहार कार्यालयको वेबसाइटमार्फत् सार्वजनिक गर्ने र सम्बन्धित कार्यालयको जिन्सी खातामा आम्दानी बाँध्नु पर्नेछ ।

(३) पदाधिकारी तथा कर्मचारीले विदेशी प्रतिनिधिलाई उपहार दिँदा सम्भव भएसम्म स्थानीय मौलिकता र पहिचान झल्कने तथा त्यस्तो विदेशी प्रतिनिधिको संस्कृति र प्रचलन सुहाउँदो स्थानीय उत्पादनहरू दिनु पर्नेछ ।

(४) स्थानीय उत्पादन विदेशी प्रतिनिधिलाई उपहारको रूपमा दिँदा उपहारको नाम, उत्पादन भएको ठाउँ, विशेषता, बनोट, प्रयुक्त वस्तुहरू, उपभोग गर्ने तरिका आदि स्पष्ट खुल्ने लेबल राखी गुणस्तरीय प्याकिङ्ग गरी दिनु पर्नेछ ।

(५) पदाधिकारी तथा कर्मचारीले विदेशी प्रतिनिधि, संस्था, सरकार वा तहबाट सामान्य शिष्टाचारको सङ्केतस्वरूप प्राप्त हुने उपहार बाहेक अन्य व्यक्तिगत लाभ, महँगा उपहार, आफू वा आफ्नो परिवार वा अरू कसैको लागि रोजगारी, छात्रवृत्तिजस्ता व्यक्तिगत लाभजन्य अवसर प्राप्त गर्न वा प्राप्त गर्ने प्रयत्न गर्न हुँदैन ।

९. अनुगमन : (१) यस निर्देशिका बमोजिम काम कारबाही भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन सम्बन्धी प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ ।